# बाजामा समेत परनिर्भरता : वार्षिक १४ करोडको बाजा आयात

**लेखनाथ पोखरेल**

**काठमाडौं, ५ वैशाख**



गीतसंगीतलगायत मनोरञ्जनका साधन अर्थात् बाजा(म्यूजिकल इन्स्ट्रुमेन्ट) मा नेपाल पूर्णरूपमा परनिर्भर रहेको पाइएको छ। आश्चर्यको कुरा त यो छ कि नेपाली लोकबाजासमेत विदेशबाटै आयात हुने गरेको छ। आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न मुलुकबाट १४ करोड रुपैयाँभन्दा बढीको म्यूजिकल इन्स्ट्रुमेन्ट आयात भएको छ। छिमेकी मुलुक चीन, भारत, अमेरिका, इण्डोनेसिया र अन्य मुलुक गरी उक्त परिमाणको म्यूजिकल इन्स्ट्रुमेन्ट आयात भएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जानकारी दिएको छ। केन्द्रको तथ्यांकअनुसार चीनबाट आठ करोड ५५ लाख नौ हजार चार सय ६५ रुपैयाँ, भारतबाट पाँच करोड २३ हजार सात सय ६३ रुपैयाँ, इण्डोनेसियाबाट ५८ लाख ५३ हजार छ सय चार रुपैयाँ, अमेरिकाबाट २७ लाख ३९ हजार चार सय नौ रुपैयाँ र अन्य मुलुकबाट ५१ लाख ४४ हजार २३ रुपैयाँ गरी कूल १४ करोड ४९ लाख २७ हजार दुई सय ६४ रुपैयाँबराबरको आयात भएको हो। नामै नसुनिएका बाजा पनि थुप्रै आयात हुने गरेको छ।

अपराइट पियानो, ग्राण्ड पियानोज, हार्प्सपी-कर्ड एण्ड अदर कि-बोर्ड स्ट्रिङ इन्स्ट्रुमेन्ट, स्ट्रिङ म्यूजिकल इन्स्ट्रुमेन्ट, प्लेड वीथ अ वो, स्ट्रिङ म्यूजिकल इन्स्ट्रुमेन्ट, म्यूजिकल इन्स्ट्रुमेन्टको पार्टस् तथा एसोसरिज, ब्रास वीथ इन्स्ट्रुमेन्ट, वीन्ड म्यूजिकल इन्स्टुमेन्ट, पर्क्युसन म्यूजिकल इन्स्ट्रुमेन्ट, किबोर्ड इन्स्ट्रुमेन्ट, म्यूजिकल इन्स्ट्रुमेन्ट द साउन्ड अफ ह्विच प्रोडयुस्ड मस्ट वि एम्प्लीपाइड इलेक्ट्रीकल्ली, म्यूजिकल बक्सेज, म्यूजिकल इन्स्ट्रुमेन्ट स्ट्रिङ, पियानोको पार्टस् र एसोसरिज, पियानो, भायोलेन्स हार्प्स र एसोसरिज, अर्गान्स, गितारलगायतका बाजा आयात हुने गरेको केन्द्रको तथ्यांकमा उल्लेख छ। हार्मोनियम, मादल, बाँसुरी, तबला, डोलक, पियानो, खैंजडीलगायत अधिकांश बाजाका साथै साउण्ड सिस्टम पनि आयात हुने गरेको छ। त्यसो त नेपालमा एक हजार तीन सय ५० बाजाहरू प्रचलनमा रहेको बताइन्छ।

नेपाल लोकबाजा संग्रहालयका अध्यक्ष रामप्रसाद कँडेलका अनुसार नेपालमा एक हजार तीन सय ५० बाजा प्रचलनमा थिए। त्यसमध्ये छ सय ५५ वटा बाजा अहिले पनि लोकबाजा संग्रहालयमा राखिएको छ। त्यति धेरै बाजा प्रचलनमा रहेको भए पनि कुनै बाजाको पनि व्यावसायिकरूपमा उत्पादन नरहेको उहाँले हिमालय टाइम्सलाई बताउनुभयो। सारंगी भने नेपालमै बन्ने गरेको छ। विगतमा मादल पनि नेपालमै बनाउने गरिएको थियो तर अहिले मादलसमेत आयात हुने गरेको सम्बद्ध व्यवसायीले बताएका छन्। संगीतकार सन्तोष श्रेष्ठका अनुसार एउटा गीतमा कम्तीमा पनि भिन्न-भिन्न प्रकारका एक दर्जन बाजा प्रयोग हुने गर्छन्। हार्मोनियम, तबला, बाँसुरी र सारंगी सबैभन्दा बढी प्रयोग हुन्छ।

## नेपाली ब्राण्डमै हार्मोनियम उत्पादन

**म्यूजिकल इन्स्ट्रुमेन्टको परनिर्भरतालाई चिर्ने उद्देश्यका साथ 'हार्मोनियम डाक्टर' विमल शाहले नयाँ सुरुवात गर्नुभएको छ। उहाँले आफ्नै ब्राण्डमा स्वदेशमै हार्मोनियन उत्पादनको सुरुवात गर्नुभएको हो। गत वर्षको लकडाउनको सदुपयोग गर्दै आफ्नै नाम विमल ब्राण्डको हार्मोनियम उत्पादन सुरु गर्नुभएका शाह हालसम्म चार सय हार्मोनियम बिक्री गरिसकेको बताउनुहुन्छ। विमल ब्राण्डको हार्मोनियमा भारतको चर्चित ब्राण्ड विनाभन्दा गुणस्तरीय रहेको उहाँको दाबी छ। नेपालमा हार्मोनियमको उच्च माग रहेकाले आफैंले यसको उत्पादन सुरु गरेको उहाँको भनाइ छ। काठमाडौं सिनामंगलस्थित 'हार्मोनियम नेपाल' मा नेपाल र भारतका ख्यातिप्राप्त अधिकांश गायक, संगीतकार पनि हार्मोनियम मर्मत र ट्युनिङका लागि आउने गरेको उहाँ बताउनुहुन्छ। सर्लाहीको ईश्वरपुर नगरपालिकामा जन्मिनुभएका शाहले कलकत्तामा हार्मोनियम ट्युनिङसम्बन्धी तालिमसमेत लिनुभएको छ।**

**हार्मोनियम निर्माणको सीप कसरी प्राप्त गर्नुभयो ?**

कलकत्ताबाट हार्मोनियमसम्बन्धी निर्माण र सुर (ट्युनिङ) सम्बन्धी तालिम लिएको हुँ। ट्युनिङ भनेको हार्मोनियमको मुटु नै मानिन्छ।

**यो व्यवसायमा कहिलेदेखि लाग्नुभयो ?**


हार्मोनियम मर्मतसम्भारमा लागेको त झण्डै १८ वर्ष भइसक्यो तर आफैंले सुरु गरेको भने पाँच वर्ष भयो।

**नेपाली ब्राण्डमा उत्पादित हार्मोनियमको माग कस्तो छ ?**

मैले विमल ब्राण्डमा नेपालमै हार्मोनियम उत्पादन गरेको छु, जुन नाम चलेको भारतीय विना ब्राण्डको हार्मोनियमभन्दा पनि राम्रो छ। स्वदेशी विमल ब्राण्डको हार्मोनियम दर्शक, श्रोताले निकै मन पराउनुभएको छ।

**हार्मोनियम परम्परागत म्यूजिकल इन्स्ट्रुमेन्ट मानिन्छ, यसको प्रयोगमा कमी नआउनुको कारण के हो ?**

हार्मोनियमबिनाको संगीत र नुनबिनाको तरकारी एउटै हो। संगीत साधनाका लागि हार्मोनियम अनि आवश्यक हुन्छ।



**विमल शाह** प्रोप्राइटर, हार्मोनियम नेपाल

**हार्मोनियमलाई पियानोले विस्थापित गरे जस्तो लाग्दैन ?**

हार्मोनियमलाई पियानोले विस्थापित गर्नै सक्दैन। आजभन्दा दुई सय वर्षअघि पनि हार्मोनियम थियो र अहिले पनि उत्तिकै लोकप्रिय छ। यसको माग बढ्दोक्रममा छ। पियानो भनेको बजाउनका लागि मात्रै हो, संगीत सिर्जना गर्न हार्मोनियम नै चाहिन्छ।

**हार्मोनियम हातैले बनाउने हो कि मेसिनबाट ?**

हार्मोनियमका कतिपय पार्टपूर्जा मेसिनबाट बन्ने गरेको भए पनि फिटिङको काम हातबाटै हुन्छ। हार्मोनियममा प्रयोग रिटबाहेक सबै पार्ट्स हातैले बनाइन्छ।

**यहीं उत्पादन गर्ने हार्मोनियमको पार्टपूर्जा कहाँबाट आउँछ ?**

काठबाहेक सबै पार्टपूर्जा भारतबाटै ल्याउनुपर्छ। हार्मोनियममा प्रयोग फ्रेम भने यहींको फर्निचर उद्योगमा बन्छ।

**एउटा नयाँ हार्मोनियम बनाउन कति दिन लाग्छ ?**

एउटा हार्मोनियम बनाउन ७/८ घण्टा जति लाग्छ। एक दिनमा ट्युनिङसमेत गरी दुईवटासम्म हार्मोनियम बनाउन सकिन्छ।

**विमल ब्राण्डको वारेन्टी कति छ ?**

मैले बनाएको हार्मोनियममा कुनै समस्या देखियो भने ४/५ वर्षपछि पनि ग्राहकले फिर्ता गर्न सक्नुहुन्छ किनभने गुणस्तरप्रति म प्रतिबद्ध छु। होम डेलिभरी र होम सर्भिसिङको पनि व्यवस्था छ

**यो व्यवसाय कहिलेसम्म गर्नुहुन्छ ?**

बाँचुन्जेल यही काम गर्ने हो, नयाँ पुस्ताले पनि यसलाई निरन्तरता दिऊन् भन्ने चाहना मेरो छ। त्यही भएर मेरी श्रीमती, छोरा र भान्जालाई पनि सिकाउँदै छु।

## एनआइबीएलको नयाँ योजना

**हिमालय टाइम्स**

**काठमाडौं, ५ वैशाख**

नेपाल इन्भेष्टमेन्ट बैंक (एनआइबीएल) ले पूँजी बजारमा सामूहिक लगानी कोषअन्तर्गत विभिन्न योजना सञ्चालन गर्ने उद्देश्यका साथ बैंकको सहायक कम्पनी एनआइबीएल एस क्यापिटल योजना व्यवस्थापक तथा डिपोजिटरी रहने गरी 'एनआइबीएल म्युचुअल फण्ड' नामक सामूहिक लगानी कोषको दुईवटा बन्दमुखी र एउटा खुलामुखी योजना सञ्चालन गर्दै आएको छ। एनआइबीएल म्युचुअल फण्डको पहिलो योजना 'एनआइबीएल समृद्धि फण्ड १' सफलतापूर्वक सञ्चालन गर्दै उक्त योजनाका इकाइधनीलाई हालसम्म कूल ६३ दशमलब पाँच प्रतिशत नगद लाभांश वितरण गर्न सफल रहेको जनाएको छ। आगामी आर्थिक वर्षमा यस योजनाको सात वर्ष अवधि पूरा भई योजना बन्द हुने बैंकले जनाएको छ। बैंकले 'एनआइबीएल म्युचुअल फण्ड' अन्तर्गत सञ्चालन हुने चौथो योजनाका रूपमा 'एनआइबीएल समृद्धि फण्ड-२' को बन्दमुखी योजना सञ्चालन गर्ने अनुमति पनि नेपाल धितोपत्र बोर्डबाट प्राप्त गरेको छ।

यस योजनाको आकार एक अर्ब २० करोड रहेको योजना १० वर्षको अवधिसम्म सञ्चालनमा रहने बैंकले जनाएको छ। प्रति इकाई मूल्य १० रुपैयाँ दरको १२ करोड इकाईमध्ये वीज पूँजीबापत १० लाख इकाई योजना व्यवस्थापक तथा न्यूनतम दुई करोड ३० लाख इकाई कोष प्रवर्द्धकका लागि गरी कूल निष्काशन गरिने इकाईको जम्मा २० प्रतिशत अर्थात् दुई करोड ४० लाख इकाई सुरक्षित राखी बाँकी न्यूनतम नौ करोड ६० लाख इकाई सर्वसाधारणका लागि खुला गरिने बैंकले जनाएको छ।

## रुरु र एनआइबीएल एसबीच सम्झौता



**काठमाडौं/हिटा।** साधारण शेयर निष्काशन गरेको रुरु जलविद्युत् परियोजनाले एनआइबीएल एस क्यापिटललाई शेयर रजिष्ट्रार नियुक्त गरेको छ। आइतबार रुरु परियोजना र एनआइबीएल एस क्यापिटलबीच शेयर रजिष्ट्रार नियुक्ति सम्बन्धमा सम्झौता भएको हो। रुरुका अध्यक्ष आशिष सुवेदी तथा एनआइबीएल एस क्यापिटलका नायव प्रमुख कार्यकारी अधिकृत मेखबहादुर थापा र सहायक महाप्रबन्धक सचिन्द्र ढुंगानाले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ। परियोजनाले मार्च २०१५ देखि विद्युत् उत्पादन गर्दै आएको छ।

## एनआरएन फण्डको अध्यक्षमा महतो

**काठमाडौं/हिटा।** एनआरएनए नेपाल डेभलपमेन्ट फण्डको अध्यक्षमा डा. उपेन्द्र महतो चयन हुनुभएको छ। महतो गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष हुनुहुन्छ। फण्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा भने बैंकर अनलराज भट्टराईलाई नियुक्त गरिएको छ। एनआरएनएको पहल र नेपाल सरकार प्रवर्द्धक रहेको फण्ड चैत १७ गते दर्ता भएको हो। १० अर्ब चुक्ता पूँजीको यो कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको छ। पाँच प्रतिशत लगानीसहित सरकारसमेत प्रवर्द्धक रहेको कम्पनीमा दुई अर्बको प्रतिबद्धता प्राप्त भइसकेको बताइएको छ। १० अर्बको कोष बनाई नेपालको उद्यम, व्यवसाय र पूर्वाधारका क्षेत्रमा लगानी गर्ने कम्पनीको उद्देश्य रहेको छ। कम्पनीले ८५ प्रतिशत लगानीका लागि गैरआवासीय नेपालीलाई लक्षित गरी छिट्टै प्राथमिक शेयर जारी गर्ने भएको छ।

## चिरायुमा हेमो र न्यूरो सेवा विस्तार

**काठमाडौं/हिटा।** वसुन्धारास्थित चिरायु नेशनल हस्पिटल एण्ड मेडिकल इन्स्टिच्युट प्रालिले सेवा विस्तार गरेको छ।

आफ्नो सातौं वार्षिकोत्सवको अवसरमा हेमोडाइलसिस र न्यूरो सेवा विस्तार गरेको हो। युरोलोजी, जीआई, अर्थो र गाइनो सेवा प्रदान गर्दै आएको चिरायुले आइतबारदेखि हेमो र न्यूरो सेवा पनि थप गरिएको हस्पिटलका अपरेशन डाइरेक्टर चण्डेश्वर वैद्यले जानकारी गराउनुभयो।

वैद्यका अनुसार हेमोमा हाल दैनिक १२ जना बिरामीले सेवा पाउनेछन् भने निकट भविष्यमै ३० जनाले सेवा पाउने गरी विस्तार गरिनेछ। इमर्जेन्सी सेवा भने २४सै घण्टा उपलब्ध हुने पनि उहाँले बताउनुभयो।

Provincial Government
Ministry of Physical Infrastructure Development
**Narayani Lift Khageri Irrigation Management Office**
Bagmati Province
Bharatpur, Chitwan

**Notice of Intent to Award**

**Date of Publication: 19 April, 2021 (2078/01/06 BS)**

This is to notify to all concerned bidders that the Employer intends to award the Contract Works listed below to the following lowest evaluated substantially responsive bidder. This notice is published as per the ITB 39.1 and rules of Procurement Act 2063, Clause 27, Sub-Clause (2) & (3) and in fulfillment of the objectives of Clause 47 of the same act to notify all the concerned bidders.

| S.N. | Bid IFB No. | Name of Project | Quoted Amount with PS & VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder |
|---|---|---|---|---|
| 1. | NLIS/NCB-04/077/78 | Repair, Maintenance and Delivery of Pump Parts of Pumping Station "A" & "B" of Narayani Lift Irrigation System | 41,71,975.82 | M/S Nepal Hydro & Electric Limited, Butwal |

**Office Chief**

Pancheshwor Rural Municipality
Office of Rural Municipal Executive
Aamchaura, Baitadi

**INVITATION FOR BIDS**

**Date of Publication: 2078/1/06 (19th April 2021)**

1. Pancheshwor Rural Municipality, Office of Rural Municipal Executive, Aamchaura, Baitadi invites Electronic Bids through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** from eligible bidders for procurement of following works under National Competitive Bidding procedure.

| Contract No. | Descriptions of Works | Estimated Amount ( Excluding VAT and Contingencies) | Minimum Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| PRM/W/01/2077/078 | Pancheshwor Rm Aaudhyogik Gram Construction | NRs.**85,00,421.01** | NRs.2,50,000.00 | NRs. 3,000.00 |

| Submission of Bid | | Opening of Bid | | Revenue A/C No for Bid Document Fee | 7601017500164 |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Deposit A/C No for Bid Security Amount | 7601017500005 |
| 2078/02/04 (18th May 2021) | 12:00 Noon | 2078/02/04 (18th May 2021) | 14:00 PM | Bank Name and Address | Nabil Bank, Pancheshwor Branch, Kulau, Baitadi |
| | | | | Office Name (A/C Name) | Pancheshwor Rural Municipality, Office of Rural Municipal Executive, Aamchaura, Baitadi |

2. Deadline for Bid Submission and Opening Details:
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Pancheshwor Rural Municipality Office, Aamchaura, Baitadi, Email: ito.pancheshwormun@gmail.com, Phone No:9858789246 or may visit PPMO e-GP website, www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction
**Saghan Sahari Tatha Bhawan Nirman Aayojana**
Birgunj, Parsa

**Invitation for Bids**

***Publication Date : 2078/01/06***

PUDBC, Parsa invites electronic bids from eligible national bidders under NCB Single Stage Double Envelope Bidding Procedure. Bidders may obtain further information from the PPMO web portal **www.bolpatra.gov.np/egp.**

| Name of Project | Bid Security | Bid fee (NRs) | Bid Validity/Bid Bond Guarantee Period | Last Date & time of bid submission |
|---|---|---|---|---|
| Upgrading and Construction of Roads and Drainage at Various Chainage at Tulasi Barwa to Bhisawa (Chiparamai) Road under Integrated Urban Infrastructure Development Works, Pokhariya Municipality, Parsa (Phase II) Contract ID: **PUDBC/PARSA/WORKS/NCB/24/077/078** | NRs. 11,12,000.00 | NRs. 5,000 | 90 days/120 days from last date of bid submission | Jestha 06, 2078 till 12:00 hours |

The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reasons, whatsoever.

**Project Chief**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल